# साँफेबगर राजपत्र

**साँफेबगर नगरपालिकाद्वारा प्रकाशित**

खण्ड ५ संख्या १ मिति २०७८ चैत्र ०६


# भाग १

**साँफेबगर नगरपालिकाको**

**सूचना**

सुदूरपश्चिम प्रदेश स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ :

## विद्युतीय तथा अटो रिक्सा दर्ता, सञ्चालन तथा व्यवस्थापन ऐन , २०७८

**प्रस्तावना:** साँफेबगर नगरपालिकामा सञ्चालन हुने विद्युतीय रिक्सा तथा पेट्रोलियम पदार्थबाट

चल्ने तिन पाङ्ग्रे अटो रिक्सा (टेम्पु) हरुलाई व्यवस्थापन गरी नगरको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) (ट) को अधिकार कार्यान्वयन गर्न नेपालको संबिधानको धारा २२६ बमोजिम साँफेबगर नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "साँफेबगर  नगरपालिकाको विद्युतीय तथा अटो रिक्सा दर्ता (सञ्चालन तथा व्यवस्थापन सम्बन्धी) ऐन, २०७८" हुनेछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएका मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) “अटो रिक्सा” भन्नाले इन्जिन जडित पेट्रोलियम पदार्थबाट चल्ने तिन पाङ्ग्रे टेम्पु वा अटो रिक्सा समेत लाई जनाउने छ।

(ख) “उप-प्रमुख” भन्नाले साँफेबगर नगरपालिकाको उप-प्रमुख भन्ने बुझाउने छ।

(ग) “ऐन” भन्नाले साँफेबगर नगरपालिकामा विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०७८ भन्ने बुझिनेछ।

(घ) “क्रसिङ बिन्दु” भन्नाले साँफेबगर नगरपालिकामा सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजत प्राप्त गरेका विद्युतीय रिक्साहरुले राजमार्ग सडक वारपार गर्ने प्रयोजनका लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएका निश्चित



साँफेबगर नगरपालिका

संख्याका राजमार्ग सडक वारपार गर्ने स्थान भन्ने बुझिनेछ ।

(ङ) "नगर कार्यपालिका" भन्नाले साँफेबगर नगरपालिकाको नगर कार्यपालिकालाई बुझाउने छ ।

(च) "नगर कार्यपालिका कार्यालय" भन्नाले साँफेबगर नगरपालिकाको नगर कार्यपालिका कार्यालयलाई बुझाउने छ ।

(छ) "नगर क्षेत्र" भन्नाले साँफेबगर नगरपालिकाको सीमाना भीत्रको भूभागलाई भन्ने बुझाउने छ ।

(ज) "प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाको प्रमुख भन्ने बुझाउने छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साँफेबगर नगरपालिकाको

प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(ञ) "विद्युतीय रिक्सा" भन्नाले पेट्रोलियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नविकरणीय उर्जाबाट चार्ज हुने रिक्सा भन्ने बुझिनेछ । जसलाई छोटकरीमा ई-रिक्सा भनिनेछ ।

(ट) "रुट" भन्नाले विद्युतीय रिक्सा सञ्चालनका लागि नगर क्षेत्र भित्र राजमार्ग सडक बाहेक निश्चित क्षेत्र तोकीएको रुट इजाजत पत्रमा उल्लेखित रुट भन्ने बुझाउने छ ।

(ठ) "समिति" भन्नाले यसै ऐनको दफा १२ बमोजिमको गठित व्यवस्थापन समितिलाई बुझिनेछ ।

(ड) "संचालन अनुमति" भन्नाले साँफेबगर नगरपालिकाले रुट निर्धारण गरी नगर क्षेत्र

भित्र सञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका विद्युतीय रिक्साको संचालन अनुमतिलाई बुझाउने छ ।

(ढ) "स्वरोजगार" भन्नाले आफ्नो वा एकाघर परिवारको नाउँमा बिलबुक भई सवारी चालक अनुमति प्राप्त गरी आफैंले सवारी चलाएको व्यक्ति भन्ने बुझिनेछ ।

## परिच्छेद २

## दर्ता सम्बन्धी

३. **<u>संचालन अनुमति लिनु पर्ने</u>** : (१) साँफेबगर नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने विद्युतीय रिक्सा, म्यानुअल रिक्सा वा अन्य जुनसुकै किसिमका टेम्पु जस्ता साना सार्वजनिक सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता

गरी साँफेबगर नगरपालिकाबाट संचालन अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

४. **अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइने** : साँफेबगर नगरपालिकाको राजमार्ग सडक बाहेक अन्य सडकमा सञ्चालनका लागि दर्ता भई रुट अनुमति पत्र बाहक बाहेक अन्य रिक्सा, टेम्पु जन्य सवारी साधन सञ्चालनमा पूर्णत बन्देज गरिनेछ ।

तर छिमेकी स्थानीय तहमा रुट इजाजत प्राप्त सवारी साधनले बिरामी उपचारका लागि लिएर आएको अवस्था बाहेक सिमा क्षेत्रबाट १ कि.मि. भन्दा बढी क्षेत्रमा सवारी ल्याउन पाइने छैन र फर्किदा बिरामी वाहेकका यात्रु लिएर फर्किन पाइने छैन ।

५. **दर्ता गर्नु पर्ने**: (१) नगर क्षेत्रमा सञ्चालन हुने गरी यसै ऐनमा उल्लेखित संख्यामा नबढ्ने गरी दर्ताका लागि प्राप्त हुने निवेदनको छानबिन गरी निवेदन प्राप्त

भएको मितिले १५ दिन भित्र ई-रिक्सा दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने विद्युतीय रिक्साको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नं. उपलब्ध गराउन सक्नेछ ।

(३) दर्ता भएका विद्युतीय रिक्साको वार्षिक नवीकरण गर्नु पर्ने छ ।

(४) दर्ता तथा नवीकरण शुल्क नगर सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) रुट इजाजत पत्र शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) नगर सभाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

(७) दर्ता प्रमाण पत्र र दर्ता अभिलेख पुस्तिका कार्यालयले स्विकृत गरी लागू गर्न सक्नेछ ।

(८) सवारी साधन दर्ता शुल्क कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

६. **सूचना गर्नु पर्ने:** (१) यस ऐन बमोजिम संचालन अनुमतिका लागि नगर कार्यपालिकाले कम्तीमा २१ दिने सार्वजनिक सूचना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गरी प्राप्त हुने निवेदनको छानबिन र दर्ता गर्दा देहाय बमोजिम क्रमको प्राथमिकताको आधारमा दर्ता गर्नु पर्नेछ ।

(क) नगर कार्यपालिका कार्यालयद्वारा जारी सूचनाको पहिलो एक हप्ता भित्र विवरण पेश भएका विद्युतीय रिक्साहरु ।

(ख) सूचना बमोजिम उल्लेखित पहिलो प्राथमिकताको क्रममा सवारीहरुको दर्ताका लागि सम्पर्क गर्न नआएमा वा रीत नपुगेका कारण दर्ता नभएमा निर्धारित संख्यामा जति अपुग हुन्छ बाँकी अपुग संख्यामा दर्ताका लागि पुनः २१ दिनको सार्वजनिक सूचना

प्रकाशित गर्नु पर्नेछ । त्यसरी सूचना प्रकाशित गर्दा यस ऐनमा तोकिएका अन्य कुराका अलावा देहाय बमोजिमको प्राथमिकताको क्रम समेत तोकी सूचना प्रकाशित गरिने छ ।

(१) स्थानीय (नगर क्षेत्र) को स्वरोजगार महिला ।

(२) स्थानीय (नगर क्षेत्र) स्वरोजगार ।

(३) साँफेबगरबासी कञ्चनपुर जिल्लाको स्थानीय बासिन्दा ।

(४) सुदूरपश्चिम प्रदेशको स्थायी बासिन्दा ।

(५) नेपाली नागरिक ।

७. **निवेदन दिनु पर्ने:** दफा ५ बमोजिम दर्ता गर्न दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमका विवरण संलग्न गरी दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(क) सवारी धनीको नाम थर ठेगाना : नागरिकता नं. र प्राप्त जिल्ला : नागरिकताको प्रतिलिपि :

(ख) सवारी खरिद गरेको मिति र सम्भव भए सम्म खरिद गरेको बिल विजक :

(ग) सवारीको चेसिस नम्बर :

(घ) सवारी चालक आफैं भए चालक अनुमति पत्रको प्रतिलिपि :

(ङ) नेपाल सरकार/प्रदेश सरकारका निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नं. र ब्लु बुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजत पत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने कागजात ।

(च) उल्लेखित विवरण र कागजात सहित निवेदन पर्न आएमा नगर कार्यपालिका कार्यालयले

छानबिन गरी १५ दिन भित्र दर्ता अनुमति सिफारिस र रुट इजाजत पत्र र सवारी साधन नम्बर दिन सक्नेछ ।

८. **सवारी चालक अनुमति पत्र** : नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनु पर्नेछ ।

## परिच्छेद-३

## रुट तथा संख्या निर्धारण सम्बन्धी

९. **रुट निर्धारण:** (१) यस ऐन बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटको निर्धारण दफा १२ बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको रुट निर्धारण नभएसम्म यस ऐन बमोजिम अनुमति प्राप्त सवारी साधनहरुको रुट देहाय बमोजिम हुनेछ ।

(क) राजमार्ग सडक र नगर कार्यपालिकाले सूचना

प्रकाशित गरी निषेध गरेको क्षेत्र बाहेकका नगर क्षेत्रभित्र कम्तीमा १४ फुट पक्की समथर सडक क्षेत्र ।

(ख) नगर क्षेत्रमा संचालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राख्नु पर्नेछ ।

(ग) प्रत्येक सवारी धनीले रुट इजाजत पत्र लिएको हुनुपर्नेछ ।

१०. **<u>संख्या निर्धारण:</u>** (१) नगर क्षेत्र भित्र सञ्चालन हुने विद्युतीय रिक्सा र टेम्पुको संख्या निर्धारण नगर कार्यपालिकाले गर्नेछ ।

(२) नगर कार्यपालिकाले उपदफा १ बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापन समितिको सिफारिस समेतका आधारमा संख्या निर्धारण गर्नेछ ।

(३) उपदफा २ बमोजिम निर्धारण गरिएको संख्या नगर कार्यपालिकाले समय-समयमा पुनरावलोकन गर्न सक्नेछ ।

(४) पेट्रोलियम पदार्थबाट चल्ने साना सवारी अटो रिक्सा वा तिन पांग्रे टेम्पुसाधनको संख्याको पुनरावलोकन कम्तीमा २ वर्ष पछि मात्र गरिने छ ।

(५). टेम्पु जन्य सवारी साधनको रुट निर्धारण दफा १२ बमोजिम गठित ई-रिक्सा तथा अटो रिक्सा संचालन तथा व्यवस्थापन समितिले गर्नेछ ।

११. **आलोपालो तोक्न सक्ने:** (१) यस ऐन बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा नगर कार्यपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीका आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ । आलोपालो प्रणाली जोरविजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-४

## संचालन तथा व्यवस्थापन समिति सम्बन्धी

१२. **ई-रिक्सा तथा अटो रिक्सा संचालन तथा व्यवस्थापन समितिः** (१) नगर क्षेत्रमा सञ्चालन हुने ई-रिक्सा, टेम्पु जन्य सवारी साधनहरुको संचालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) उप-प्रमुख - संयोजक

(ख) नगर प्रमुखले तोकेको एक जना वडाध्यक्ष र एक जना कार्यपालिका सदस्य : सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि १ जना -सदस्य

(घ) जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रतिनिधि १जना - सदस्य

(ङ) प्रमुखले तोकेको ट्रेड युनियन प्रतिनिधि १ जना - सदस्य

(च) प्रमुखले तोकेको प्राविधिक १ जना -सदस्य

(छ) नगरपालिका स्तरिय उपभोक्ता हित संरक्षण मंचको अध्यक्ष १ जना -सदस्य

(ज) आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य

(झ) राजश्व उपशाखा/शाखा प्रमुख - सदस्य

(ञ) आर्थिक विकास शाखा प्रमुख -सदस्य सचिव

(२) दफा (१) बमोजिम गठित समितिमा आवश्यकता अनुसार कर्मचारी तथा अन्य नगर पालिकाका पदाधिकारीहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।

(३) यस दफा बमोजिम गठित समितिका पदाधिकारी र आमन्त्रीत सदस्यहरुलाई कार्यपालिकाको बैठकमा उपलब्ध हुने सरहको बैठक भत्ता उपलब्ध गराईनेछ ।

१३. **समितिको काम कर्तव्य र अधिकारः** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) ई-रिक्सा, अटोरिक्सा र टेम्पु जन्य साना सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी जस्ता कार्यमा देखिएका समस्या समाधान गर्ने ।

(ख) सम्वद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसंग समन्वय गर्ने ।

(ग) भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने ।

(घ) प्रत्येक २ वर्षमा भाडा दरमा पुनरावलोकन गर्ने ।

(ङ) सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएका सवारी साधनको दर्ता र रुट खारेजीको सिफारिस गर्ने ।

(च) नगर क्षेत्रमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी रिक्सा जन्य साना सवारी साधनको संख्या थप घट गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

(छ) नगरमा संचालित सवारी साधनमा कलर कोड तोक्ने ।

(२) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४. <u>बिमा गर्नुपर्नेः</u>** (१) सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गर्नुपर्नेछ ।

**१५. <u>सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्तहरुः</u>** सवारी धनी तथा सवारी चालकले देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछ ।

(क) सवारीधनी र सवारी चालकको ठेगाना र फोन



साँफेबगर नगरपालिका

नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सवैले देख्ने गरी राख्नु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनु पर्दछ ।

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(घ) राजमार्ग सडक, कच्ची सडक तथा नगर क्षेत्र भित्रको पहाडी भौगोलिक क्षेत्रका सडकमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(ङ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(च) सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ ।

(छ) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन ।

(ज) यात्रु संग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

## परिच्छेद-५

## दण्ड जरिवाना सम्बन्धी

१६. **दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः** १. यस ऐनको विपरीत दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमति विना सवारी संचालन गरे गराएमा वा रुट अनुमति विना सवारी चलाएमा, सवारी चालक अनुमति/(लाइसेन्स) प्राप्त नगरी सवारी साधन चलाएको पाइएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा संचालन गरेका वा दफा १५ बमोजिमको शर्त उल्लंघन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ ।

(क) पहिलो पटक भएमा रु.५००।- जरिवाना दोस्रो पटक सोही कसूर गरेमा रु.७५०।- तेश्रोपटक सोही कसूर गरेमा रु.१०००।-

जरिवाना हुनेछ । तिन पटक भन्दा बढी पटक पटक सोही कसूर गरेमा दर्ता अनुमति र रुट परमिट समयावधि तोकेर निलम्बन गर्ने र त्यसपछि पनि सोही कसुर दोहोराएको खण्डमा रुट परमिट खारेज समेत हुनेछ ।

(ख) यस दफा बमोजिमको दण्ड जरिवाना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ ।

## परिच्छेद-६

## विविध

**१७. पार्किङ्ग स्थलः** (१) नगरपालिकाले तोकेको स्थानमा पार्किङ्ग स्थल रहने छ ।

(२) पार्किङ्ग स्थल निर्माण दायित्व नगरपालिकाको हुनेछ ।

**१८. विविध :** (१) दर्ता अनुमति भई रुट इजाजत प्राप्त रिक्साहरुको आयु यो ऐन बमोजिम

रुट इजाजत प्राप्त भएका मितिले ५ वर्ष मात्र हुनेछ । सो मिति पछि उक्त रिक्सा, रिक्सा धनी स्वंयले नष्ट गर्नु पर्नेछ । त्यसरी नष्ट नगरेमा उक्त रिक्साको दर्ता तथा रुट इजाजत खारेज गरिनेछ ।

तर दफा १२ बमोजिमको समितिले जुनसुकै बेला सम्बन्धित प्राविधिकबाट जाँच गर्दा संचालन योग्य नदेखिएमा ५ वर्ष भन्दा अगावै जुनसुकै बेला पनि स्वतः दर्ता तथा रुट इजाजत खारेज हुनेछ ।

(२). उप-दफा (१) बमोजिम खारेज भएको दर्ता नं. मा सोही रिक्सा धनीलाई कायम गर्न पाइने नपाइने भन्ने वारेको निणर्य व्यवस्थापन समितिले निणर्य गरे बमोजिम हुनेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता, नविकरण, रुट परमिट, ठाउँसारी र नामसारीका सम्बन्धमा देखिएका जटिलताका सम्बन्धमा निर्णय दिने अधिकार दफा १२ बमोजिम गठन हुने समितिलाई हुनेछ र सो समितिले यस ऐनका जटिलताका सम्बन्धमा गरेको

निर्णय अनुमोदन कार्यपालिकाबाट गराउनु पर्नेछ ।

१९. **नियम बनाउन सक्ने**: यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले नियम, कार्यबिधि र मापदण्ड बनाउन सक्नेछ ।

आज्ञाले

लक्ष्मी प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

साँफेबगर नगरपालिका